# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७४।०५।१४ गते

## प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको ।

---

जिल्ला जनस्वास्थ्य कार्यालय, भद्रपुर, झापामा कार्यरत ल्याव टेक्निसियन (अधिकृत छैठौं) रामप्रसाद साहले हस्पिटल र डेन्टल क्लिनिकको संचालन स्विकृति तथा नविकरण गर्ने प्रयोजनार्थ सम्पूर्ण प्रकृया पूरा गरेपनि विभिन्न बहानामा घुस रकम माग गरिरहेको भन्ने उजुरी एवम् निवेदनको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, टंगाल र ईटहरीबाट खटिई गएको संयुक्त टोलीले निज राष्ट्रसेवकलाई रु. २,००,०००/- (दुई लाख) घुस रकम लिएको अवस्थामा घुस रकम सहित नियन्त्रणमा लिई अनुसन्धान हुँदा निजले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसूर गरेको पुष्टि हुन आएको हुँदा निजलाई बिगो रु. २,००,०००/- (दुई लाख) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र सोही दफाको उपदफा (१) को देहाय (घ) बमोजिम जरिवाना र कैद सजाय हुन मागदावी लिई आज विशेष अदालत काठमाण्डौंमा आरोप-पत्र दायर गरिएको छ ।

(जीवराज कोइराला)
सह-सचिव एवं प्रवक्ता